नेपाल दूरसञ्चार प्राधिकरणको मिति २०८०-०८-२५ गतेको निर्णय नं ५१२३ बाट स्वीकृत

नेपाल दूरसञ्चार प्राधिकरण

जमल, काठमाडौं

# विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०८०

२०८०

# विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०८०

दूरसञ्चार ऐन, २०५३ दफा ६२ ले दिएको अधिकार प्रयोग गरी नेपाल दूरसञ्चार प्राधिकरणले दूरसञ्चार सेवाका विद्यमान अन्य अतिरिक्त सेवाहरु बाहेक प्रविधिको विकासले थप हुँदै आएका सेवाहरुको संचालन र त्यस्तो सेवालाई प्रभावकारी रुपमा व्यवस्थित तथा नियमन गरी प्रतिष्पर्धात्मक वातावरण एवं उचित मूल्यमा भरपर्दो र स्तरीय सेवा प्रवाह गर्ने उद्देश्यले यो विनियमावली लागू गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस विनियमावलीको नाम "विद्युतीय अन्य अतिरक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी (कार्यविधि) विनियमावली, २०८०" रहेको छ ।

(२) यो विनियमावली नेपाल दूरसञ्चार प्राधिकरणबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस (कार्यविधि) विनियमावलीमाः

(क) "ऐन" भन्नाले दूरसञ्चार ऐन, २०५३ सम्झनुपर्छ ।

(ख) "नियमावली" भन्नाले दूरसञ्चार नियमावली, २०५४ सम्झनुपर्छ ।

(ग) "विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value-Added Services (DVAS))" भन्नाले दूरसञ्चार सेवा (जस्तै PSTN, Mobile, Internet) प्रयोग गरी प्रदान गरिने दूरसञ्चारका मुख्य सेवाहरु (Voice, SMS(P2P) र MMS(P2P)) बाहेकका अन्य जुन सुकै प्रकारका सेवाहरु सम्झनुपर्छ ।

(घ) "प्राधिकरण" भन्नाले दूरसञ्चार ऐन, २०५३ बमोजिम गठित नेपाल दूरसञ्चार प्राधिकरण सम्झनुपर्छ ।

(ङ) "ग्राहक" भन्नाले विद्युतीय अन्य अतिरिक्त सेवा प्रयोग गर्ने व्यक्ति सम्झनुपर्छ ।

३. **DVAS सेवा प्रदायकको सूचीकरण सम्बन्धी व्यवस्थाः** (१) Short Code प्रयोग गरी विद्युतीय अन्य अतिरिक्त सेवाहरु संचालन गर्न चाहने व्यक्ति/संस्था प्राधिकरणमा सूचीकृत हुनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिमको सेवा सञ्चालन गर्न चाहने व्यक्ति कुनै पनि DVAS सेवा प्रदायक अथवा SMS Aggregator हुन सक्नेछ ।

(३) प्राधिकरणबाट Voice सेवाको अनुमतिपत्र प्राप्त दूरसञ्चार सेवा प्रदायकले विद्युतीय अन्य अतिरिक्त सेवाहरु संचालन गर्न यस विनियमावली वमोजिम सूचीकरण हुनु पर्ने छैन ।

४. **<u>सूचिकृतको लागि निवेदन दिनु पर्ने</u>**: (१) DVAS सेवा संचालन गर्न चाहने व्यक्तिले आफूले संचालन गर्न चाहेको सेवा सम्बन्धी कार्य सञ्चालन योजना संलग्न गरी प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उपविनियम (१) बमोजिम निवेदन पेश गर्दा देहाय बमोजिमका कागजातहरु संलग्न गर्नु पर्नेछ :

(क) कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) PAN/VAT दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) DVAS सेवा संचालन गर्ने कार्य योजना,

(घ) दूरसञ्चार सेवा प्रदायकले प्रदान गरेको सेवा सञ्चालनको नो अब्जेक्सन (No Objection) को प्रतिलिपि ।

(३) यो विनियमावली लागू हुनु पूर्व DVAS सेवा सञ्चालन गरिरहेका व्यक्तिले आफूले सञ्चालन गरेको DVAS सेवाको विवरण संलग्न गरी प्राधिकरण समक्ष सूचीकरणको लागि विनियमावली लागू भएको मितिले छ महिनाभित्र सम्बन्धित सेवा प्रदायकसँग भएको सम्झौतापत्रको प्रतिलिपि र उपविनियम (२) को खण्ड (क) र (ख) बमोजिमका कागजात सहित निवेदन दिनुपर्नेछ ।

(४) कुनै पनि सरकारी निकाय/संस्थाले DVAS सेवा सञ्चालन गर्न चाहेमा विनियम (४) को उपविनियम (२) को खण्ड (ग) र (घ) मा उल्लेखित कागजात संलग्न गरी सूचिकृतको लागि निवेदन दिनुपर्नेछ ।

५. **<u>कार्य संचालन योजनामा खुलाउनु पर्ने विषयहरुः</u>** विनियम ४ को उपविनियम (२) को खण्ड (ग) बमोजिम संलग्न गर्ने कार्य संचालन योजनामा अन्य विषयहरुको अतिरिक्त देहायका

बिषयहरु अनिवार्य रुपमा खुलाएको हुनु पर्नेछ :-

(क) DVAS सेवाको संचालन विधि,

(ख) DVAS सेवा संचालनको लागि चाहिने पूर्वाधार र त्यसको गुणस्तर तथा क्षमता,

कानून बमोजिम सम्बन्धित निकायको अनिवार्य सहमति आवश्यक हुने सेवाको हकमा DVAS सेवा प्रदायकले त्यस्तो सेवाको आधिकारिकता/प्रमाणिकरण खुल्ने सम्बन्धित निकाय वा अधिकारीको सहमति ।

६. **DVAS सेवा संचालनको लागि सूचीकरणः** (१) विनियम ४ को उपविनियम (१) बमोजिम निवेदन परेमा प्राधिकरणले सो निवेदन र निवेदन साथ संलग्न कागजातहरु जाँचबुझ गर्नेछ र त्यसरी जाँचबुझ गर्दा DVAS सेवा संचालन गर्न योग्य देखिएमा DVAS सेवा संचालनको लागि सूचिकृत गरिनेछ ।

(२) DVAS सेवा प्रदायकले प्राधिकरणमा सूचिकृत भएको सेवा बाहेक थप सेवा सञ्चालन गर्नुपरेमा थप सेवाको विवरण समेत प्राधिकरणमा अद्यावधिक गराउनु पर्नेछ ।

(३) दूरसञ्चार सेवा प्रदायकले नो अब्जेक्सन (No Objection) प्रदान गरे पश्चात पनि आफैले त्यस्तो सेवा प्रदान गर्न चाहेमा वाधा पर्ने छैन ।

७. **DVAS सेवा संचालनको लागि आवश्यक नम्बर एवं शुल्क स्वीकृत सम्बन्धमाः** (१) DVAS सेवा संचालन गर्न चाहने व्यक्तिले प्राधिकरणमा सूचिकृत भए पश्चात् सेवा संचालन गर्दा ग्राहकसंग लिने सेवा शुल्क स्वीकृति एबं आवश्यक पर्ने नम्बरको लागि सम्बन्धित दूरसञ्चार सेवा प्रदायक मार्फत देहाय बमोजिमका विवरणहरु सहित प्राधिकरण समक्ष निवेदन दिनु पर्नेछ ।

(क) सेवाको विवरण,

(ख) सेवा शुल्क,

(ग) सेवाको अवधि खुल्ने कागजात ।

(२) उपविनियम (१) बमोजिम निवेदन प्राप्त भए पश्चात् प्राधिकरणले उक्त सेवाको लागि सेवा शुल्क स्वीकृत गरी आवश्यक नम्बर उपलब्ध गराईनेछ ।

(३) उपविनियम (२) बमोजिम शुल्क स्वीकृति तथा नम्बर उपलब्ध भए पश्चात्

DVAS सेवा संचालकले उक्त सेवा संचालन गर्न सक्नेछ |

८. **सेवा सम्बन्धी विवरण अद्यावधि गर्नु पर्नेः** (१) यस विनियमावली बमोजिम सेवा सञ्चालनका लागि सूचिकृत भई सेवा संचालन गरेको सेवा प्रदायकको सेवा सञ्चालनमा नरहेमा वा सेवा बन्द भएमा सेवा सञ्चालनमा नरहेको वा सेवा बन्द भएको जानकारी तत्काल प्राधिकरण तथा सम्बन्धित दूरसञ्चार सेवा प्रदायकलाई गराउनुपर्नेछ |

(२) उपविनियम (१) बमोजिम सेवा सञ्चालनमा नरहेको वा सेवा बन्द भएको जानकारी प्राप्त भए पश्चात दूरसञ्चार सेवा प्रदायकले सेवा संचालनको लागि प्रयोग भएको नम्बर तत्काल बन्द गरी प्राधिकरणलाई जानकारी दिनु पर्नेछ |

(३) DVAS सेवा सञ्चालकले सेवा सञ्चालनमा रहेको सेवाको अद्यावधिक विवरण प्रत्येक बर्ष श्रावण १५ गते भित्र प्राधिकरण समक्ष पेश गर्नुपर्नेछ ।

९. **<u>अनुगमन तथा निरीक्षण</u>ः** प्राधिकरणले दूरसञ्चारका अन्य अतिरिक्त सेवाहरु संचालन गर्ने सेवा प्रदायकहरुले यस विनियमावली बमोजिम कार्य गरे/नगरेको सम्बन्धमा आवश्यकता अनुसार समय समयमा अनुगमन तथा निरीक्षण गर्न सक्नेछ |

१०. **<u>विनियमावली कार्यान्वयन सम्बन्धी ब्यबस्था</u>ः** (१) DVAS सेवा सञ्चालकले यस विनियमावलीमा भएका व्यवस्थाहरु पालना गर्नुपर्नेछ ।

(२) उपविनियम (१) बमोजिम DVAS सेवा सञ्चालकले यस विनियमावलीको व्यवस्था पालना नगरेमा प्राधिकरणले DVAS सेवाप्रदायकलाई सूचीकरणबाट हटाइनेछ|

(३) DVAS सेवा सञ्चालकले यस विनियमावलीको पालना गरेको नपाईएमा वा DVAS सेवा प्रदायकले सेवा सञ्चालन गर्दा अनाधिकृत क्रियाकलापहरु गरेको पाईएमा ऐन तथा प्रचलित कानूनको अधीनमा रहि प्राधिकरणले DVAS सेवा प्रदायकलाई आवश्यक कारवाही गर्न सक्नेछ |

११. **<u>विनियमावलीको व्याख्या गर्न सक्ने</u>ः** यस विनियमावलीको व्याख्या सम्बन्धी कुनै द्विविधा उत्पन्न भएमा प्राधिकरणबाट भएको निर्णय अन्तिम हुनेछ |

**१२. <u>खारेजी र बचाऊ</u>:** (१) विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी कार्यविधि, २०८० खारेज गरिएको छ ।

(२) विद्युतीय अन्य अतिरिक्त सेवा (Digital Value Added Services (DVAS)) संचालन गर्ने सम्बन्धी कार्यविधि, २०८० बमोजिम भए गरेका काम कार्यहरु यसै विनियम बमोजिम भए गरेको मानिने छ ।